# चन्द्रागिरि नगरपालिका


चन्द्रागिरि नगरपालिका


## स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ८ मिति : असोज ७, २०८१


## भाग-२

## चन्द्रागिरि नगरपालिका

सम्बत् २०८१ सालको कार्यविधि नं. २

# “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

**(पहिलो संशोधन, २०८१)**

**प्रस्तावना :**

चन्द्रागिरि नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

चन्द्रागिरि नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम चन्द्रागिरि नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन, २०८१) रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **दफा ३ को उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थप गर्ने :** मूल कार्यविधिको दफा ३ को उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थप गरिएको छ ।

(४) उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र नवीकरण हुन नसकेमा जुनसुकै समयमा नवीकरण गर्न निवेदन पेश भएमा प्रत्येक आर्थिक वर्षको लागि तोकिएको नवीकरण दस्तुर र उपदफा (३) बमोजिमको थप दस्तुरको दोब्बर दस्तुर लिई नवीकरण गर्न सकिनेछ ।

(५) माथि दफा २ र यस दफामा उल्लेख भए बमोजिम अनुसूची ३ मा जुनसुकै दररेट उल्लेख भए तापनि नगरपालिकाबाट वार्षिक रुपमा जारी हुने आर्थिक ऐनले तोके बमोजिमको दस्तुर कायम हुनेछ ।

३. **मूल कार्यविधिको दफा ४ को उपदफा (३) खारेज गर्ने :** मूल कार्यविधिको दफा ४ को उपदफा (३) खारेज गरिएको छ ।

४. **मूल कार्यविधिको दफा ७ पछि देहायको दफा ७क थप गर्ने :** मूल कार्यविधिको दफा ७ पछि देहायको दफा ७क थप गरिएको छ :

७क. **इजाजतपत्र नामसारी, ठाउँसारी र फर्मको नाम परिवर्तन :** (१) नगरपालिकाबाट “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गरेका कम्पनी वा उद्योगको सम्बन्धित निकायबाट शेयरधनी वा प्रोपाइटर परिवर्तन भई आन्तरिक राजश्व विभागको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रमा समेत फोटो परिवर्तन र प्रमाणित भई आएमा तोकिएको दस्तुर लिई परिवर्तित शेयरधनीको नाममा नामसारी गरिनेछ ।

(२) नामसारी गर्दा पूर्व शेयरधनी तथा परिवर्तित शेयरधनी दुवै जना उपस्थित भई सनाखत गर्नुपर्नेछ ।

(३) नगरपालिकाबाट "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गरेका कम्पनी वा उद्योगको सम्बन्धित निकायबाट अन्य स्थानीय तहमा कायम हुने गरी ठेगाना परिवर्तन भई आएमा तथा आन्तरिक राजश्व विभागको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रमा समेत ठेगाना परिवर्तन भई आएमा तोकिएको दस्तुर लिई परिवर्तित ठेगाना कायम भएको स्थानीय तहमा सक्कल फाइल सहित स्थानान्तरण पत्र प्रेषण गरिनेछ ।

(४) अन्य स्थानीय तहबाट नगरपालिका क्षेत्रमा ठेगाना कायम हुने गरी उपदफा (३) बमोजिम परिवर्तित ठेगाना कायम र स्थानान्तरण भई आएमा तोकिएको दस्तुर लिई इजाजतपत्रमा ठेगाना कायम गरिनेछ ।

प्रमाणीकरण : २०८१ असोज ०७ गते

मूल्य रू. ५/-

आज्ञाले

हेमराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत